नेपाल बैंक लिमिटेड, धर्मपथ काठमाडौं

## कागजात धुलाई सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशन मिति २०८२/०९/०२

यस नेपाल बैंक लिमिटेडको प्रधान कार्यालय, प्रादेशिक कार्यालय र शाखामा रहेको पुराना, गोप्य र प्रयोगविहिन कागजातहरुलाई सुरक्षित तवरले धुलाउने कार्य गर्नुपर्ने भएकोले, सो कार्य गर्न ईच्छुक र आवश्यक योग्यता पुगेका फर्म, कम्पनी वा सप्लायर्सहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र सिलबन्दी दरभाउपत्र पेश गर्न आह्वान गरिन्छ ।

१. दरभाउपत्र सम्बन्धी कागजात पेश गर्न चाहने इच्छुक र आवश्यक योग्यता पुगेका फर्म, कम्पनी वा सप्लायर्सले लिखित निवेदन सहित यस बैंकको प्रधान कार्यालय सामान्य सेवा विभाग, धर्मपथ काठमाडौंमा शाखागत र प्रधान कार्यालय का लागि अलग अलग धुल्याउने कागजातहरुको मूल्य प्रति किलो खुलाई अन्तिम मिति भन्दा एक दिन अगाडि अर्थात मिति २०८२।०९।१६ गते बुधबार सम्म कार्यालय समय भित्र दाखिला गराउन सक्नेछन ।

२. फर्म/कम्पनी दर्ता प्रमाणपत्र, स्थायी लेखा दर्ता नं.(प्यान नं.)/VAT प्रमाणपत्र तथा आ.व.२०८०।८१ सम्मको कर चुक्ता/दाखिला प्रमाणको प्रतिलिपी पेश गर्नुपर्नेछ ।

३. दाखिला भएका दरभाउपत्रहरु मिति २०८२/०९/१७ गते बिहिबार दिउसौ १२:३० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा प्रधान कार्यालय, सामान्य सेवा विभागमा खोलिने छ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउ खोल्न बाधा पर्ने छैन । दरभाउ दाखिला गर्ने एवं खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो कार्यहरु विदाको लगत्तै पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

४. दरभाउपत्रमा दर अंक र अक्षर दुवैमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षर बीच फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । केरमेट भएमा दरभाउपत्रदाताको सहीछाप भएको हुनु पर्नेछ । रीत नपुगेको दरभाउ उपर कुनै कारवाही गरिने छैन ।

५. एक फर्म, संस्था वा कम्पनीको नाममा खरिद गरिएको दरभाउ अर्को फर्म, संस्था वा कम्पनीको नामबाट पेश गर्न पाइने छैन ।

६. कागजात धुल्याउने करार अवधि भर कुनै किसिमको मूल्य बृद्धि दिईने छैन ।

७. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । सोको कारण दरभाउपत्रदातालाई दिइने छैन ।